# बजेट तथा कार्यक्रम तर्जुमा समिति संयोजक एवम् नगर उपप्रमुख श्री नन्दा कुमारी थापाज्यूबाट नगर सभा समक्ष प्रस्तुत गर्नु भएको



# आर्थिक वर्ष २०८३/०८४ को बजेट वक्तव्य

## बडीमालिका नगरपालिका
## नगरकार्यपालिकाको कार्यालय
## मार्तडी, बाजुरा
## सुदूरपश्चिम प्रदेश, नेपाल

**बडीमालिका नगरपालिकाको उन्नाईसौ नगरसभामा उप प्रमुख श्री नन्दा कुमारी थापाज्यूद्वारा प्रस्तुत चालु आर्थिक वर्ष २०८३/८४ को बजेट समिक्षा तथा आगामी आर्थिक बर्ष २०८३/०८४ को बजेट बक्तव्य।**

बडीमालिका नगरपालिकाको उन्नाईसौ नगर सभाका सभाध्यक्ष महोदय, प्रमुख प्रशासकीय अधिकृतज्यू, विषयगत समितिका संयोजकज्यू, यस गरिमामय नगरसभामा उपस्थित नगरसभा सदस्यज्यूहरू, उपस्थित संचारकर्मीज्यूहरू, नगरका समपूर्ण नगरबासी आमा, वुवा दाजुभाइ तथा दिदीबहिनी!

बडीमालिका नगरपालिकाको उप-प्रमुखको हैसियतले यस नगरपालिको सम्मानित उन्नाईसौ नगरसभा समक्ष "**कृषि, शिक्षा, स्वास्थ्य, पर्टयन र पूर्वाधार: बडीमालिका नगरपालिका समृद्धिका प्रमुख आधार**" भन्ने दीर्घकालीन सोच सहित चालु आर्थिक वर्ष २०८२/८३ को समिक्षा तथा आगामी आर्थिक वर्ष २०८३/८४ को अनुमानित आय र व्ययको विवरण प्रस्तुत गर्न पाउँदा मलाई गौरब महशुस भएको छ।

यस विशिष्ट अवसरमा ऐतिहासिक संविधान सभा निर्माण, संघीयता, राष्ट्र र राष्ट्रियताको संरक्षण, गणतन्त्रको स्थापना, धर्म निरपेक्षता, समानुपातिक समावेशीता, सामाजिक न्याय र सुशासन सहितको समृद्ध राष्ट्र र सुखी नेपालीको महान लक्ष्यमा राष्ट्रलाई पुऱ्याउने समाजमा रहेका सबैखाले बिभेद, विकृति, विसंगतीको अन्त्य गर्दै नेपाल राष्ट्रको राजनीति आर्थिक सामाजिक परिवर्तनका लागि इतिहासका विभिन्न कालखण्डमा भएका न्यायपूर्ण आन्दोलनहरूमा आफ्नो अमूल्य जीवन बलिदान गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात अमर सहिदहरूप्रति उच्च समान साथ हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु। साथै यसै क्रममा घाईते तथा अपाङ्ग भएका व्यक्तिहरूको सु-स्वास्थ्यको कामना गर्दछु।

नगरपालिकाको सर्वाङ्गीण विकासका लागि स्थानीय सरकारसँग जनताहरूको अपार आशा र अपेक्षा रहेको हुन्छ। उपलव्ध स्रोत साधान र अवसरको उच्चतम प्रयोग, न्योयोचित वितरण र संविधान प्रदत्त अधिकारहरूको सफल कार्यान्वयनबाट नै जनताको विकास र समृद्धिको आकांक्षालाई पुरा गर्न सकिन्छ। "**कृषि, शिक्षा, स्वास्थ्य, पर्टयन र पूर्वाधार: बडीमालिका नगरपालिका समृद्धिका प्रमुख आधार**" भन्ने दीर्घकालीन सोचलाई मूर्त रूप दिन प्रस्तुत बजेट तथा कार्यक्रमले थप सहयोग पुऱ्याउनेछ।

यस नगरपालिकाले विकास निर्माणको कार्यलाई गुणस्तरीय बनाउन नगर भित्रका आम उपभोक्ताहरू, सर्वसाधारण जनता, उद्योगी व्यवसायीहरू लगायत सामाजिक संस्थाहरूको निरन्तर सहयोग रहँदै आएको छ। विकास सुशासनको लागि जनप्रतिनीहरूले स्पष्ट दृष्टिकोण सहित अगुवाईगर्ने हो भने प्रशासनिक संयन्त्रले त्यसलाई प्राविधिक तथा कानुनी ढाँचाभित्र आवद्ध गराई अगाडि बढाउनु पर्दछ। यसमा आम नागरिकहरूले साथ सहयोग र सुझाव दिनु पर्दछ। लोकतान्त्रिक आधारभुत मूल्य मान्यता, बहुदलिय लोकतान्त्रिक शासन प्रणाली, मानवअधिकार, सामाजिक न्याय, सहकारिता, सह-अस्तित्व, सामवेशिता र समन्वयको सिद्धान्तलाई आत्मसाथ गर्दै विधिको शासन प्रति हामी प्रतिवद्ध छौ।

लोकतन्त्रलाई सामाजिक जीवनपद्दतिको रूपमा स्थापित गर्ने कुरामा नगर सरकार हरपल प्रयत्नशील छ। शासकीय व्यवस्थामा आएको परिवर्तनको अनुभूति सबै नगरबासीले गर्न सकुन भन्नेमा हामीहरू अत्यन्त सचेत छौं। नगरको भौगोलिक, सामाजिक, आर्थिक, साँस्कृतिक विविधतालाई आत्मसाथ गर्दै सन्तुलित र समन्वयात्मक विकासको बाटोमा अघी बढ्न नगर सरकार दृढ छ। "जनप्रतिनिधीहरू शासक होईनन्, जनताका सेवक हुनः भन्ने मान्यतालाई हामीले आफ्नो मार्गदर्शक सिद्धान्तको रूपमा ग्रहण गरेका छौं।

आदरणीय सभाध्यक्ष महोदय,
१९ औं नगरसभाका गरिमामय सभाका सदस्यहरू र बडीमालिका नगरको विकास यात्राका सहयात्री महानुभावहरू।
अब म चालु आर्थिक वर्षको क्षेत्रगत बजेट तथा कार्यक्रमको प्रगति समीक्षा पेश गर्न चाहान्छु।

आर्थिक वर्ष २०८२को संक्षिप्त बजेट झलक ८३/

नगरपालिकाको समग्र वित्तीय अवस्थालाई निम्न तालिकामा स्पष्ट पारिएको छ:

| विवरण | रकम (.रु) | प्रतिशत (%) |
|---|---|---|
| कुल विनियोजित बजेट | ५२ करोड ५१ लाख ८३ हजार ३ सय | १०० प्रतिशत |
| वास्तविक आम्दानी | ३७ करोड ९४ लाख ७४ हजार ६ सय ३३ रुपैया | ७२९५. प्रतिशत |
| कुल वास्तविक खर्च | ३० करोड २८ लाख २८ हजार ३ सय ७१ रुपैया | ५७६६. प्रतिशत |

**३आयका स्रोतहरूको विश्लेषण .**

नगरपालिकाको राजस्व संरचनाको विश्लेषण गर्दा बाह्य स्रोतमाथिको अत्यधिक **'वित्तीय परनिर्भरता'** स्पष्ट देखिन्छ। आयका मुख्य पक्षहरू निम्नानुसार रहेका छन्:

1. **संघीय अनुदानको हिस्साः** नगरपालिकाको कुल वास्तविक आयमा संघीय सरकारको योगदान **८७%९३.** (रु२६ . करोड ९८ लाख ६४ हजार ०६८ रुपैयारहेको छ। यो तथ्याङ्कले ( हाम्रो स्थानीयसरकारको स्वायत्ततालाई संघीय अनुदानले नै निर्देशित गरिरहेको पुष्टि गर्दछ।
2. **आन्तरिक स्रोतको कमजोर स्थितिः** नगरपालिकाको आन्तरिक स्रोतको हिस्सा मात्र **१०%२४.** (रु६८ . लाख ४७ हजार ५ सय ५८ रुपैया सीमित हुनु चिन्ताको विषय हो। (विशेष गरी **सम्पत्ति कर (%०)** र **सिफारिस दस्तुर (%०.५६)** को न्यून संकलनले राजस्व परिचालनमा रहेको गम्भीर उदासीनतालाई झल्काउँछ।
3. **राजस्व बाँडफाँडको सफल पक्षः** मूल्य अभिवृद्धि करबाट **७७%६४.** प्राप्त भएको छ भने **अन्तःशुल्क** तर्फ लक्ष्यभन्दा बढी अर्थात् **१०६%२१.** (रु२ . करोड ७६ लाख १८ हजार

०५९ रुपैया राजस्व परिचालन हुनुलाई नगरपालिकाको राजस्व प्रशासनको एक (
सफल पक्षका रूपमा लिन सकिन्छ।

**४क्षेत्रगत बजेट विनियोजन र खर्चको स्थिति .**

क्षेत्रगत खर्चको तथ्याङ्कले नगरपालिकाको कार्यसम्पादनको प्राथमिकता र चुनौती दुवैलाई चित्रण गर्दछः

1. **सामाजिक विकासः** यस क्षेत्रमा **७८%०५.** खर्च प्रगति भएको छ, जसमा **शिक्षा (%८५.६)** र **स्वास्थ्य (%७४.५९)** तर्फको उच्च खर्चले आधारभूत सेवा प्रवाहमा हाम्रो संवेदनशीलता पुष्टि गर्दछ।

2. **आर्थिक विकासको संकटः** यो क्षेत्र मात्र **२०%२८.** खर्चमा खुम्चिएको छ। **कृषि (%२२.२९)** र **उद्योग (%१६.३८)** जस्ता उत्पादनशील क्षेत्रको न्यून प्रगतिले नगरको दीर्घकालीन आत्मनिर्भरतामा बाधा पुऱ्याएको छ। विशेष गरी **सहकारी क्षेत्रमा भएको ४%५९.** मात्रको खर्चले नीतिगत र कार्यक्रममा तादाम्यता नमिलेको सूचकको रूपमा देखिएकोछ।

3. **पूर्वाधार विकासः** भौतिक पूर्वाधारतर्फ **२७%** खर्च प्रगति भएको छ, जसलाई सन्तोषजनक मान्न सकिँदैन।

4. **सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रः** विपद् व्यवस्थापन र तथ्याङ्क प्रणाली (%९५.१२) लगायतका क्षेत्रमा **३५%२.** खर्च भएको छ।

५ .विषयगत शाखा र वडागत भौतिक तथा वित्तीय प्रगति

कृषि तथा पशु विकास तर्फ

कृषक तथा पशुपालकलाई विभिन्न अनुदान, प्राविधिक सहयोग तथा क्षमता विकास कार्यक्रम सञ्चालन गरिएको छ।

शिक्षा तर्फ

सामुदायिक विद्यालयहरुको विद्यालय भवन निर्माण, तला थप, घेराबार तथा खेलमैदान निर्माणका कार्य सम्पन्न भएका छन्। विद्यालयहरूको शैक्षिक गुणस्तर सुधारका लागि विभिन्न कार्यक्रम सञ्चालन गरिएको छ। उप प्रमुख संग छात्रवृति कार्यक्रम अन्तरगत गरिव जेहेन्दार तथा विपन्न छात्रछात्राहरुलाई छात्रवृति प्रदान गरिएको छ। बालबालिका स्वास्थ्यलाई मध्यनजर गर्दै सवै विद्यालयमा दिवा खाजा कार्यक्रम सञ्चालन गरिएको छ। अघिल्लो आर्थिक वर्षभन्दा यस आर्थिक वर्षमा विद्यालय टिकाउदर विद्यार्थि सिकाइ दरमा उल्लेखनिय सुधार भएको छ।

स्वास्थ्यः आर्थिक वर्ष २०८२।८३ मा वडा नं १ स्थित सल्लेनाका टोलबासिलाई आधारभुत स्वास्थ्य सेवा प्राप्तिमा सहजताको लागि सल्लेना आधारभुत स्वास्थ्य केन्द्रको भौतिक संरचना निर्माणको काम अन्तिम चरणमा रहेको छ । यस आर्थिक वर्षदेखि सेवा सञ्चालनमा ल्याउने गरि नगरपालिकाले आवश्यक व्यवस्थापनको काम अगाडी बढाइसकेको छ। मार्तडी स्वास्थ्य चौकी,जुगडा स्वास्थ्य चौकी र बुढिगंगा स्वास्थ्य चौकीमा आधारभुत ल्याव स्थापना गरि ल्याव सेवा सञ्चालनमा ल्याइसकेको छ । नगरपालिकाभित्रका ७ वटै आधारभुत स्वास्थ्य संस्थाहरुबाट टेलिहेल्थ सेवा सुचारु गरिएको छ । सवै आधारभुत स्वास्थ्य संस्थाहरुबाट सुरक्षित प्रसुति सेवा सञ्चालन गरि आ.व २०८२।८३ मा शुन्य होम डेलिभरी नगरपालिका बनाउन सफल भएका छौँ। यसबाट मातृ शिशु स्वास्थ्य सुरक्षामा बढोत्तरी भएको छ । आधारभुत स्वास्थ्य सेवा केन्द्रबाट सुरक्षित गर्भपत सेवा प्रदान गरिएको छ । यसले अनइच्छित गर्भपतनमा हुन सक्ने जोखिम कम भएको छ। नगरपालिका सवै वडामा आधारभुत स्वास्थ्य सेवा विस्तार भइ सवै वडावासिलाई आधारभुत स्वास्थ्य सेवा सहजै प्राप्तिको सुनिश्तिता गरिएको छ।

- पूर्वाधार विकास तर्फ

आर्थिक वर्ष २०८२।८३ मा नगरपालिका भित्रका निर्मित स्थानीय सडकको स्तरोन्नति तथा थप नयाँ ट्र्याक खोल्ने काम भएको छ । वडा नं २, ५ र ६ को प्रशासनिक भवन निर्माणको काम सम्पन्न भइसकेको छ भने वडा नं ३ को प्रशासनिक भवन निर्माणको काम अघी बढीसकेको छ। सत्यवादि माध्यमिक आवासिय विद्यालयको लागि फर्निचर व्यवस्थापन, मालिका मा.वि मार्तडीको ६ कोठे भवन, कैलाश मा.वि कोर्धको २ कोठे भवन ,घटालेस्वरी इ सि डी जिल्लिको २ कोठे भवन, ढम्कने आधारभुत स्वास्थ्य सेवा केन्द्र र सल्लेना आधारभुत स्वास्थ्य सेवा केन्द्र, चुथी १० शैया नगरअस्पतालको भवन निर्माण कार्य सम्पन्न भइसकेको छ। साथै मालिका माध्यमिक विद्यालको थप नयाँ भवन निर्माणको लागि केन्रजडङ्गा कोर्ध सडक (१ कि.मि ) आर सि सि सहितको स्तरोन्नति भएको छ। नगरपालिकाका सवै वस्तिमा स्वच्छ खानेपानिको सुनिश्चिता भइसकेको छ। गौमुल दर्ना खानेपानी निर्माण योजनाको काम अन्तिम चरणमा पुगिसकेको छ। वडा नं ६ स्थित चाल्ने खोलामा झोलुङ्गे पुल निर्माण कार्य सम्पन्न भइसकेको छ।

संस्थागत विकास तथा सेवा प्रवाहः नगरपालिकाले विद्युतिय शासनलाई प्रवर्द्धन गरेको छ। अनलाइन दर्ता, चलानी, योजना व्यवस्थापन ,राजस्व व्यवस्थापन प्रणालि सञ्चालनमा रहेको छ। यसले सेवा प्रवाहमा सहजता तथा सुशासन प्रवर्द्धनमा टेवा पुग्ने विस्वास लिएकी छु। वडा नं२ ., ५ र ६ को सेवा प्रवाह आफ्नै प्रशासनिक भवनबाट सुचारु भइसकेको छ । संगठन संरचना चुस्त दुरुस्त बनाउन संगठन तथा व्यवस्थापन सर्वेक्षणको कार्य अगाडी बढेको छ। नगरपालिका भित्रका सवै कार्यालयहरुको लागि आवश्यक विद्युतिय तथा अन्य स्रोत साधनको व्यवस्था गरिएको छ।

वडाहरूको कार्यसम्पादनमा देखिएको असन्तुलनले आगामी दिनमा थप अनुगमनको आवश्यकता देखाउँछ:

1. **उत्कृष्ट कार्यसम्पादन: वडा नं(%८४.१८) ३ .** र **वडा नं(%८१.६३) ४ .** ले अत्यन्तै प्रशंसनीय नतिजा हासिल गरेका छन्। यी वडाहरूले योजना कार्यान्वयनमा देखाएको तदारुकता अन्य वडाका लागि अनुकरणीय छ।
2. **मध्यम प्रगति: वडा नं(%६८.७२) ९ .** र **वडा नं(%६६.३१) २ .** ले औसत प्रगति कायम राखेका छन्।
3. **प्रशासनिक जवाफदेहिताको आवश्यकता: वडा नं८ .** को प्रगति मात्र **१९%२५.** र वडा नं . को ५ **४३%९१.** रहनुले योजना कार्यान्वयनमा गम्भीर ढिलासुस्ती भएको देखिन्छ। यस न्यून प्रगतिका लागि सम्बन्धित पक्ष जवाफदेही हुनुपर्ने देखिन्छ।

**६ मुख्य .पूँजीगत उपलब्धिहरू**

पूर्वाधार निर्माणका केही विशिष्ट उपलब्धिहरूलाई निम्नानुसार वर्गीकरण गरिएको छ:

1. **पुनर्निर्माण:** कुल **४९%३९.** खर्च प्रगतिसहित रु२ .,३०,७९,८२७उपयोग गरिएको २६. छ।
2. **भवन र आवास:** निर्मित सार्वजनिक भवनको संरचनात्मक सुधारमा **१००%** प्रगति भए तापनि **नयाँ आवासीय भवन निर्माण** तर्फ विनियोजित २० लाख बजेटमा खर्च **०%००.** रहनुले लक्ष्य र कार्यान्वयन बीचको खाडल देखाउँछ।
3. **यातायात पूर्वाधार:** ग्रामीण पहुँचका लागि **झोलुङ्गे पुल निर्माणमा ९६%७५.** र ग्रामीण सडक मर्मतमा **१००%** को उत्कृष्ट भौतिक प्रगति हासिल भएको छ।
4. **सम्पदा पूर्वाधार:** धार्मिक तथा सांस्कृतिक क्षेत्रमा **धर्मशाला निर्माण (%९९.०६)** र **मन्दिर तथा गेट निर्माण (%९८.३८)** मार्फत भौतिक पूर्वाधारमा महत्वपूर्ण ईँटा थपिएको छ।
5. **खानेपानी:** नगरबासीलाई स्वच्छ पानीको पहुँच पुऱ्याउन **मुहान संरक्षण कार्यमा ९९%७१.** प्रगति भएको छ।

७ .चालु र पूँजीगत खर्चको तुलनात्मक विश्लेषण

नगरपालिकाको समग्र 'पूँजीगत खर्च क्षमता' कमजोर देखिएको छ। विनियोजित चालु बजेटको ७३%४८. (रु२५ ., करोड ६९ लाख ५२ हजार ६ सय ४० रुपैयाखर्च हुँदा पूँजीगततर्फ मात्र ( २६%१४. (रु४ . करोड ५८ लाख ७५ हजार ७ सय ३० रुपैया खर्च (भएको छ। प्रशासनिक र तलब भत्तामा हुने खर्चको तुलनामा विकास निर्माणका योजनाहरूमा भएको यो न्यून खर्चले नगरको विकासको गतिलाई मन्द बनाएको छ। विकास बजेट खर्च गर्ने क्षमतामा सुधार नभएसम्म नगरको भौतिक रूपान्तरण सम्भव देखिँदैन।

८निष्कर्ष तथा भावी मार्गचित्र .

आर्थिक वर्ष २०८२का उपलब्धिहरूले हामीलाई उत्साही बनाए पनि आन्तरिक आयको न्यूनता ८३/ र पूँजीगत खर्चको सुस्तता हाम्रा मुख्य चुनौती हुन्। प्राप्त नतिजाहरूलाई संस्थागत गर्दै आगामी दिनमा नगरपालिकाले निम्न बुँदाहरू समेटिएको 'पूँजीगत खर्च वृद्धि कार्ययोजना' कडाइका साथ लागु गर्नेछ:

१योजनाहरूको समयमै छनौट र ठेक्का प्रक्रियालाई आर्थिक वर्षको पहिलो चौमासिकभित्रै सम्पन्न . गर्ने।
२ न्यून प्रगति भएका वडाहरूमा प्राविधिक जनशक्ति र अनुगमनलाई सघन बनाउने। .
३सम्पत्ति कर र अन्य सेवा शुल्कको दायरा बढाउँदै आन्तरिक आयमा आत्मनिर्भर .ता बढाउने।
४मा लगानी केन्द्रित गरी स्थानीय रोजगारी सिर्जना गर्ने। (कृषि र सहकारी) उत्पादनशील क्षेत्र .

आदरणीय नगरसभाका सभाध्यक्ष तथा सदस्यज्यूहरू !

आ.व.२०८३/०८४ मा बडीमालिका नगरपालिकामा तपशिलमा उल्लेखित स्रोतहरूबाट आम्दानी हुने लक्ष्य राखिएको जानकारी गराउँदछु । जसको संक्षिप्त विवरण निम्नानुसार रहेको छ :

१- आन्तरिक राजश्वबाट रू २ करोड प्राप्त हुने अनुमान गरिएको छ ।
२- संचित कोषबाट रू २ करोड संचित रहने अनुमान गरिएको छ ।

२- संघीय सरकारबाट प्राप्त हुने अनुदानको प्रकार

- ❖ सर्शत अनुदान चालु तर्फ रू १७ करोड ४३ लाख प्राप्त हुनेछ।
- ❖ सर्शत अनुदान पूँजीगत तर्फ चोसेकोट दोगाडे झो.पु. र चोसेकोट कोर्धिखोला झोपुका लागि २० लाख, स्वीकृत गुरुयोजनका आधारमा साझेदारीमा विद्यालय पुर्वाधार विकासका लागि ३३ लाख, गरी जम्मा रू ५३ लाख प्राप्त हुनेछ।
- ❖ वित्तीय समानीकरण अनुदान तर्फ रू ११ करोड २३ लाख प्राप्त हुनेछ।
- ❖ समपुरक अनुदान तर्फ सामुदायिक विद्यालय भवन निर्माणका लागि १ करोड ६ लाख र जडङ्गा मना सडकका लागि ८५ लाख गरी जम्मा रू १ करोड ९१ लाख प्राप्त हुनेछ। बिशेष अनुदान तर्फ विद्यालय फर्निचर, शैक्षिक सामग्री, कम्प्युटर, डिजिटल बोर्ड, प्रयोगशाला उपकरंण, पुस्तकालय, शौचालय, खानेपानी, घेरबार पर्खाल जस्ता पुरक शैक्षिक पूर्वाधारका लागि रू १ करोड प्राप्त हुनेछ ।
- ❖ राजश्व वाँडफाँड तर्फ रू १० करोड ७९ लाख ७९ हजार प्राप्त हुनेछ।
- ❖ संघीय सरकारबाट जम्मा रू ४२ करोड ८९ लाख ७९ हजार प्राप्त हुनेछ।

३ सुदूरपश्चिम प्रदेश सरकारबाट प्राप्त हुने अनुदान रकम

- ❖ सर्शत अनुदान तर्फ रू १ करोड ९९ लाख प्राप्त हुनेछ।
- ❖ वित्तीय समानीकरण अनुदान तर्फ रू १ करोड ४ लाख ८६ हजार प्राप्त हुनेछ।
- ❖ समपुरक अनुदान तर्फ फोहोर मैला व्यवस्थापनका लागि सडक तथा ढल व्यवस्थापन रू र जडङ्गा कोर्ध सडका लागि रू १ करोड १३ लाख ७ हजार प्राप्त हुनेछ।
- ❖ विशेष अनुदान तर्फ टोड्केनागाने सिँचाई कुलोको लागि रू ३० लाख ५० हजार हुनेछ ।
- ❖ राजश्व वाँडफाँड तर्फ रू ३१ लाख ९७ हजार प्राप्त हुनेछ।
- ❖ प्रदेश तर्फबाट जम्मा रू ५ करोड ५१ लाख ४० हजार प्राप्त हुनेछ।

कुल जम्मा आय रू ५१ करोड ६९ लाख १९ हजार हुने लक्ष्य प्रस्ताव गरेको छु ।

आदरणीय नगरसभाका सभाध्यक्ष तथा सदस्यज्यूहरू !

अब म आ.व.२०८३/०८४ को विनियोजित बजेट प्रस्तुत गर्न चाहान्छु ।
संघीय सरकारको तर्फबाट सर्शत अनुदान रू १७ करोड ४३ लाख, समपुरक अनुदान १ करोड ९१ लाख, विशेष अनुदान १ करोड, सुदूरपश्चिम सरकारको तर्फबाट सर्शत १ करोड ९९ लाख, समपुरक अनुदान १ करोड ८५ लाख ७ हजार र विशेष अनुदान ३० लाख ५० हजार लाई तोकिएको कार्यविधि अनुरूप नै खर्च हुने गरी यस बजेटमा समाबेश गरिएको छ।

आदरणीय नगरसभाका सभाध्यक्ष तथा सदस्यज्यूहरू !

अब म वडागत, विभिन्न विषयगत शाखा र नगरकार्यपालिकाको कार्यालयको बजेट विनियोजन पेश गर्न चाहान्छु।
आ.व.२०८३/०८४ को कुल बिनियोजन रकम रू ५१ करोड ६९ लाख १९ हजार मध्ये चालु तर्फ ३५ करोड ४८ लाख ८६ हजार ४ सय ९० रूपैया (६८.६५ प्रतिशत) र पूँजीगत खर्च तर्फ रू १६ करोड २० लाख ३२ हजार ५ सय १० रूपैया (३१.३५ प्रतिशत) विनियोजन गरिएको छ।

बडीमालिका भित्रका नौ वटै वडामा चालु तथा प्रशासनिक खर्चका लागि २० लाख विनियोजन गरेको छु भने पूँजीगत तर्फ न्यूनतम अनुदान तर्फ १ करोड ८५ लाखलाई प्रति वडा न्यूनतम ११ लाख ११ हजार १ सय ११ का दरले र सुत्रमा आधारित अनुदानमा ८५ लाखलाई विभिन्न सूचाङ्कका आधार वडालाई विनियोजन गरेको छु ।

## आर्थिक विकास समिति तर्फ :

विनियोजित रकम – ६५ लाख १४ हजार ४ सय

कृषि तर्फ :

आर्थिक समृद्धिको पहिलो आधारः कृषि नै हो पहिलो पूर्वाधार भन्ने अभियान तथा किसानको लगानी किसानकै आम्दानी, कृषि उत्पादनका लागी चक्लाबन्दी कार्यक्रम, बारीमा कृषि प्राविधिक सेवा, कोदो बालिको न्यूनतम समर्थन मूल्य, स्थानीय उत्पादन कोषेली उपहारजस्ता विभिन्न कृयाकलाप संचालनको लागि २६ लाख ४१ हजार बजेटको व्यवस्था गरिएको छ ।

उद्योग र रोजगार तर्फ:

घरेलु तथा साना उद्योग स्थानीय कच्चा पदार्थमा आधारित उद्योग प्रवर्द्धन कार्यक्रम, नमुना युवा नगर सभा कार्यक्रम उद्यमशिलता विकास तालिम लगायतका कार्यक्रमहरुका लागि ९ लाख ७५ हजार बजेट बिनियोजन गरिएको छ ।

पर्यटन तर्फ

बडीमालिका सहित धार्मिक एवं मनोरञ्नात्क क्षेत्रको विकास, बडीमालिका मेला व्यवस्थापनका लागि ५ लाख, स्थानीय पर्यटन मार्ग तथा भ्यू पोईन्ट विकास, पर्यटन महोत्सव तथा स्थानीय सास्कृतिक संरक्षण र फुलचढाउना मन्दिर निर्माणजस्ता कृयाकलाप सहित पर्टयन क्षेत्रमा ९ लाख ७५ हजार बजेट विनियोजन गरिएको छ ।

वित्तिय क्षेत्र एवं सहकारी तर्फ

सहकारी व्यवस्थापन तथा अनलाईन रिपोर्टिङ कार्यक्रम, सहकारी प्रवर्द्धन, कोपोमिस संचालन जस्ता कृयाकलापहरूका लागि १ लाख ९५ हजार ४ सय बजेट विनियोजन गरेको छु ।

पशुपन्छी तर्फ

पशुपालक कृषकलाई दुध ढुवानी नुदान, भैसी, भेडा, बाख्रा, कुखुरा प्रवर्द्धन कार्यक्रम, कालिज पालन कृषक अनुदान जास्ता जस्ता कार्यक्रमका लागि १६ लाख २८ हजार बजेट बिनियोजन गरेको छु ।

## सामाजिक विकास समिति तर्फ :

विनियोजन – ६५ लाख १४ हजार ४ सय

शिक्षा तर्फ

शिक्षण सिकाइ सहयोगका लागि एकमुष्ट अनुदान, दरबन्दी मिलान शिक्षक नियुक्ती सम्वन्धि कार्यविधी २०८० को कार्यान्वयनका लागि आवश्यक बजेट, सामुदायिक विद्यालयका भवन निर्माण लगायत विद्यालयको भौतिक संरचना निर्माणको लागि आवश्यक बजेट विनियोजन गरिएको छ । उपप्रमुखसँग छात्रा छात्रवृत्ती कार्यक्रम तर्फ ५ लाख, विद्यालय व्यवस्थापन, छात्राहरूको लागि स्यानेटरी प्याड वितरण, अधुरा विद्यालयको भवन निर्माण, शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने, परीक्षा व्यवस्थापन जस्ता कृयाकलापहरूका लागि २२ लाख ८० हजार रकम विनियोजन गरेको छु ।

स्वास्थ्य तर्फ

पालिकामा रहेको १० शैया अस्पताल सञ्चालनको लागि सम्बन्धित निकायमा पहल गरिनेछ । महिला स्वास्थ्य स्वयमंसेविकालाई प्रोत्साहन र सम्मान गर्ने, औषधी खरिद, विपन्न नागरिक उपचार सहायता, निश्ल्क बिशेषज्ञ स्वास्थ्य शिविर संचालन गर्ने जस्ता कार्यक्रमहरूका लागि २२ लाख ८० हजार रकम विनियोजन गरेको छु ।

खानेपानी तथा सरसफाई तर्फ

बडीमालिका नगरपालका वडा नं १ मा रहेको गौमुलदर्ना खानेपानी यसै बर्ष सम्पन्न गरिने छ । अन्य पालिकाभित्रका ससाना खानेपानीका योजनाका लागि २५ लाख १५ हजार बजेट विनियोजन गरेको छु ।

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण एवं संरक्षण तर्फ

एकल पुरूष तथा महिलाका विशेष भत्ता र ग वर्गका अपाङ्गहरूको भत्ता को लागि १० लाख, महिला, बालबालिका, दलित, जनजाती, जेष्ठ नागरिक, अपाङ्ग, लैङ्गिक हिन्सा न्यूनिकरण सहितका लक्षित कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेको छु । सरसफाई तथा वृक्षारोपण कार्यक्रम, पोषण कार्यक्रम, रोजगारी सृजना, पत्रकार क्षमता विकास एवं सम्मान जस्ता कार्यक्रहरूका लागि १६ लाख बजेट विनियोजन गरिएको छ ।

## पूर्वाधार विकास तर्फ :

विनियोजन – ४ करोड ६३ लाख

भौतिक पूर्वाधार तर्फ

पालिकाको स्वामित्व रहेको ब्याकुलोडर प्रयोग गरी सडक पहुँचलाई सहज बनाउनका बडीमालिका नगरपालिकाभित्रका सडक पहुँच नभएका बस्तीहरुमा सडक विस्तार, थुवाकाँद देखि

डोलाकाट्यु सडक, सिमखेत हुदै मसानघाट सडक, गैरबजार देखि बाउली सडक, घोगाडी खड्काटोल सडक लगायतका सडक पूर्वाधारका लागि आवश्यक बजेट विनियोजन गरिएको छ। कैलाशेश्वरी मावि मनाको भवन निर्माणका लागि आवश्यक बजेट विनियोजन गरिएको छ।

संघ र प्रदेश समपुरक योजनाको लागि साझेदारी तर्फ २ करोड ५० विनियोजन गरिएको छ। नगरस्तरीय मर्मत कोष तर्फ २० लाख र नगरपालिकाका नर्मित सार्वजनिक सम्पतिको मर्मत सम्भारको लागि ५ लाख  बजेट विनियोजन गरिएको छ।

भुक्तानी दिन बाँकी योजना तथा कार्यक्रम एवं चालु खर्चको दायित्व भुक्तानीका लागि २ करोड ५० लाख बजेटको व्यवस्था गरिएको छ।

वन वातावरण तथा विपद व्यवस्थापन एवं सुशासन अन्तर सम्बन्धित क्षेत्र तर्फ
विनियोजन – ३८ लाख १४ हजार ३ सय

वातावरण तथा जलवायु र अन्तरसम्वन्धित क्षेत्र

वातावरणीय परीक्षण, जलबायु उत्थानसिलता, दिगो विकासको स्थानीयकरण र विपद व्यवस्थापन तर्फ ३० लाख विनियोजन गरिएको छ। वडा स्तरीय विपद व्यवस्थापन कार्यक्रम लगायत विभिन्न विकास साझेदारहरूसँगको साझेदारी तर्फ आवश्यक बजेट विनियोजन गरिएको छ।

**संस्थागत क्षमता र शुसासन प्रवर्द्धन तर्फ :**

नगरपालिकाका कर्मचारीको मनोबल अभिबृद्धि, सेवा प्रवाहको प्रभावकारीता तथा कार्यसम्पादनमा सुधार ल्याउने उद्देश्यले प्रचलित कानुन तथा नेपाल सरकारको तलबमान सम्बन्धी व्यवस्थाको अधिनमा रही आधारभूत तलबमा १० प्रतिशत बृद्धि गर्ने, कार्यसम्पादन मूल्याङ्कनको आधारमा तलबमानको १० प्रतिशत प्रोत्साहन भत्ता उपलब्ध गराउने तथा सामुदायिक विद्यालयमा उपलब्ध गराउँदै आएको एकमुष्ट अनुदान रकममा १२ प्रतिशत बृद्धि गरिएको छ।  प्रविधीमैत्री बडीमालिकाको संस्थागत विकास र संचालनको लागि डिजिटल अभियान कार्यक्रम मार्फत ३० लाख, न्यायीक समिति व्यवस्थापन तथा संचालनको लागि १० लाख, सवै वडा कार्यालय, स्वास्थ्य संस्था, नगरपालिकाका विभिन्न शाखा उपशाखा, , सार्वजनिक सुनुवाई, चौमासिक समिक्षा, उपभोक्ता समितिलाई तालिम, पत्रपत्रिका सम्पुर्ण वडाहरुमा एकिकृत सेवा प्रवाह (व्यक्तिगत घटना दर्ता सप्ताह, कृषि तथा पशुजन्य सेवा प्रवाह, स्वास्थ्य सेवा प्रवाह, राजस्व संकलन लगायतका घुम्ती सेवाहरु), डिजिटल नगरपालिका प्रोफाईल अध्यावधिक  जस्ता कृयाकलापहरूका लागि १ करोड ८५ लाख बजेट विनियोजन गरिएको छ।

आदरणीय नगरसभाका सभाध्यक्ष तथा सदस्यज्यूहरू !

बजेट तर्जुमासँगसँगै यसको कार्यान्वयनको लागि मंसिर भित्र बजेट सुनिश्चिता भएका सम्पूर्ण योजना तथा कार्याक्रमको निर्माणको प्रकृया अगाडि बढाउने व्यवस्था मिलाएको छ। लक्ष्य अनुरूपका कार्यक्रमहरू समयै संचालन हुन सके मात्र अपेक्षित नतिजा हाँसिल गर्न सकिन्छ। कार्यक्रमको सफल कार्यान्वयनमा स्थानीय समुदाय, सामाजिक संस्थाको अत्यन्त ठूलो भूमिका हुने भएकाले स्थानीय समुदायको तर्फबाट अपनत्व ग्रहण गरी यसको सफल कार्यान्वयनमा सहयोग पुऱ्याउने अपेक्षा लिएको छ। प्रस्तावित कार्यक्रमबाट नगरपालिकाले प्रदान गर्ने सेवाप्रवाहमा गुणात्मक सुधार आई सुशासन प्रवर्द्धनमा टेवा पुग्ने विश्वास लिएको छ। प्रस्तुत बजेटको प्रभावकारी कार्यान्वयनका लागि सम्वद्ध सबै सरोकारवाला पक्षसँग सहयोग र सहकार्यको अपेक्षा गर्दछु।

आदरणीय नगरसभाका सभाध्यक्ष तथा सदस्यज्यूहरू !

बडीमालिका नगरपालिकाको गरिमामय यस उन्नाईसौ नगरसभाको बजेट निर्माण गर्न अरात्र खटिनुहुने नगरसभा सदस्यहरू, विषयगत समितिका संयोजक एवं सदस्य, बजेट तर्जुमा समिति, बजेट मस्यौदा समिति, कर्मचारी मित्रहरू, बडीमालिका नगरबासी दाजुभाइ तथा दिदीबहिनीहरू लगायत सम्पूर्ण बडीमालिका नगरपालिकाका शुभचिन्तकहरूमा धन्यवाद ज्ञापन गर्दछु।

अन्त्यमा, जिल्ला बाहिर विदेशमा रहनुहुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूलाई नगरको समृद्धि र नगरबासीको हितमा सहयोग र लगानी गरी योगदान गर्न आव्हान गर्दछु।
धन्यवाद।

नन्दा कुमारी थापा
नगर उपप्रमुख
बडीमालिका नगरपालिका
मार्तडी, बाजुरा।

मिति २०८३ असार १० गते बुधबार।